स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यसपालिको दशैंको फूलपाती अर्थात् असोज १३ गतेबाट प्रदर्शनमा आउन लागेका तीन नेपाली फिल्ममध्येको एक 'माइतीघर'को पहिलो आधिकारिक पोस्टर सार्वजनिक गरिएको छ। मिलन तामाङको निर्देशनमा बनेको फिल्मको सार्वजनिक पोस्टरले पात्रहरुको गेटअप, लुक्स र मुडलाई दर्शाएको छ। पोस्टरमा फिल्मका पाँच मुख्य कलाकार केदार धीरज मगर, उपासना सिंह ठकुरीलाई देख्न सकिन्छ।

**आजको विचार...**



राजनीति...

(दुई पेजमा)

प्रेमलकुमार खनाल



गायक तथा अभिनेता प्रकाश सपुतले तीज गीत 'नाइँ भनेसी नाइ' सार्वजनिक गरेका छन्। राति युट्युबमा सार्वजनिक यो गीतको कथानक भिडिओमा रेखा थापा, सिम्रन खड्का, संजोग रसाईली लगायतको अभिनय छ। प्रकाश स्वयंले पनि यसमा अभिनय गरेका छन्। 'बदला बरिलै २' का रूपमा सार्वजनिक गीतमा पछिल्लो पुस्ताका दुई चर्चित गायिकाहरू समीक्षा अधिकारी र एलिना चौहानले स्वर दिएका छन्। प्रकाशले तीज कोसेलीका रूपमा यो गीत ल्याएका हुन्। यसमा शब्द तथा संगीत प्रकाशको छ।

❒ वर्ष ३१ ❒ अंक १८ ❒ २०८२ साउन १८ गते आइतबार 3 August 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढी र पहिरोका कारण ८ को मृत्यु

(रासस/सिन्ह्वा)

**हनोई,** साउन १७/भियतनामको उत्तरमा पर्ने डिएन बिएन जिल्लामा पछिल्ला दिनमा आएको बाढी र पहिरोले कम्तीमा ८ जनाको ज्यान गएको छ भने ३ जना अझै बेपत्ता छन् । शनिबार बिहान ६ बजे सम्मको तथ्यांक अनुसार करिब ६० घरहरू बाढीले बगाएको छ । बाढीले ३० वटा गाउँहरू बाहिरी संसारसँग सम्पर्कविहीन बनाएको छ । बेपत्ता व्यक्ति खोज्न र उद्धार गर्न करिब सात सय सुरक्षाकर्मी, सेना, स्थानीय स्वयंसेवक र विभिन्न संगठनका सदस्यहरू परिचालन भएका छन् । शनिबार बिहान स डुङ गाउँ पुगेर अवलोकन गर्नु भएका उपप्रधानमन्त्री ट्रान होङ हाले स्थानीय प्रशासनलाई प्रभावित सबैलाई तत्काल राहत पुग्नेगरी काम गर्न निर्देशन दिए । उनले भोकमरी, सम्पर्कविहीनता र सूचना अभाव नहोस् भनेर विशेष ख्याल राख्नसमेत आग्रह गरे । उनले उद्धारकर्मी र प्रभावित सबैको सुरक्षा सबै परिस्थितिमा सुनिश्चित गर्नुपर्नेमा जोड दिए । ह्त्य ट्रेडिङ समूहकी अनुसन्धान निर्देशक क्याथलीन ब्रुक्सले भने "अब रोजगारीको तथ्यांकले बजारको ध्यान पुरै तानेको छ । ट्रम्पका भन्सार शुल्कभन्दा पनि यो समाचार प्रभावशाली भएको छ ।"

# सेवा विस्तारमा फड्को मार्दै मिसन अस्पताल

## गर्भवती महिलाले पालो पर्खिनु नपर्ने

जगदीश भट्टराई

**पाल्पा,** साउन १७/पश्चिम नेपालमै अस्पतालको अभाव भएको बेला २०११ सालमा स्थापना भएको तानसेनस्थित भूषालडाँडामा रहेको युनाईटेड मिसन अस्पतालले सेवा विस्तारमा फड्को मार्दै गएको छ । यस क्षेत्रकै पुरानो स्वास्थ्य संस्थाका रुपमा रहेको अस्पतालले पछिल्लो समय सेवा विस्तारसँगै सेवा प्रवाहमा सुधार ल्याएको हो ।

सेवा विस्तारको क्रममा अस्पतालले महिला तथा प्रसूतितर्फ सेवा थप गरेको छ । प्रसूति सेवाका लागि आउने महिलाहरूको संख्या बढ्दै जाँदा बेड अभावका कारण गर्भवती महिलाले पालो पर्खिनुपर्ने बाध्यता रहेको अवस्थामा अस्पतालले बेड थप गरेको हो । १६ बेड क्षमताको प्रसुति सेवा सञ्चालन गर्दै आएको अस्पतालले थप २० वेड र सेमी क्याबिन समेतको सेवा विस्तार गरेको छ । विस्तारित सेवाले उपचार सेवा छिटोछरितो हुने र पालो पर्खिनु पर्ने अवस्थाको अन्त्य भएको अस्पतालका प्रशासकिय अधिकृत जीवन







भट्टराईले बताए । "बेड नहुँदा गर्भवती महिलाले प्रसूतिको लागि पालो कुर्नुपर्ने अवस्था अब अन्त्य भएको छ," उनले भने, " यसले सेवा प्रवाहमा पनि सुधार ल्याउनेछ ।" यो सेवासँगै अन्य सेवाहरु पनि विस्तार गर्दै जाने योजना बनाइएको अधिकृत भट्टराईले बताए । उनले भने "हामी विभिन्न स्वास्थ्य सेवा थप गर्नुका साथै अस्पतालको स्तरवृद्धिमा निरन्तर लागेका छौं । विरामीको चाँपलाई थप व्यवस्थित गर्नुको साथै सेवालाई परिस्कृत गर्ने काम हुँदै आएको छ ।" क्याविन सहितको प्राईभेटको सेवा माग भए अनुसार शुरु गरे पछि प्रसुतिका लागि आउने महिलाहरु र उनका कुरुवाहरुलाई सहज भएको अधिकृत भट्टराईको भनाई छ । सुत्केरी सेवामा नाम कमाएको मिसन अस्पतालमा भएको वेड क्षमतामा २० वेड थप भएपछि धेरैले राम्रो सुविधा पाउँने अस्पतालका डाईरेक्टर डा. रचेल कारकले विश्वास व्यक्त गरिन् । उनले भनिन् "हामी अस्पतालका सेवा र सुविधाका लागि सधै चिन्तित छौं ।" विरामीहरुको भरोसा बन्नुको साथै लामो इतिहासको गाथा बुनेको अस्पतालले गत वर्षदेखि विशेषज्ञसहितको नाक, कान र घाँटी (ईएनटी) को उपचार सेवा समेत सञ्चालनमा ल्याएको छ । यहाँ सुविधा सम्पन्न भौतिक संरचना र विशेषज्ञ चिकित्सकसहितको ईएनटी सेवा दिन थालेपछि विरामीहरु मंहगो शुल्क तिरेर बाहिर जानुपर्ने अवस्थाको अन्त्य भएको छ । विगतमा यस क्षेत्रमा प्रभावकारी ईएनटी सेवा नहुँदा विरामीहरु बाहिर गएर ठूला र महँगा अस्पतालमा उपचार गराउनुपर्ने बाध्यता रहेको थियो । अस्पतालले हाल २ सय शैया नियमित रुपमा सञ्चालनको स्वीकृती पाएको छ । अस्पतालले हालै मुटु रोग सम्बन्धी विशेषज्ञ चिकित्सकको व्यवस्था समेत गरेर सेवा सञ्चालन गर्दै आएको छ भने, केही महिना भित्रै सिटिस्क्यान सेवा समेत सञ्चालन गर्ने तयारीमा रहेको अस्पतालले जनाएको छ ।

# रेसुङ्गामा साउने मेलाको रौनक



**तम्घास,** साउन १७/जिल्लाको धार्मिक स्थल रेसुङ्गामा हरेक वर्ष जस्तै यस वर्ष पनि साउने मेला लागेको छ । साउन महिनाभर यहाँ विशेष पूजापाठ एवं धार्मिक क्रियाकलाप गर्ने गरिन्छ । रेसुङ्गाको पोखरीमा नुहाउनाले पाप नष्ट हुने धार्मिक विश्वास छ ।

रेसुङ्गामा पूजा गर्न तथा नुहाउनका लागि अर्घाखाँची, पाल्पा, बुटवल, बागलुङलगायतका जिल्ला एवं भारतबाट समेत भक्तजन रेसुङ्गा आउने गर्दछन् । श्रद्धालुहरु पोखरीमा नुहाउन तथा पूजा गर्न साउन महिनाभर रेसुङ्गा पुग्ने गर्दछन् । मेलाकै अवसरमा रेसुङ्गा संरक्षण समितिले भक्तिसङ्गीत प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा प्रेम भजन समूह, राधा माधव समिति, सृजनशील महिला समूह, ठुलापोखरा भजन समूह, अर्खले भजन समूह, रातामाट भजन समूह, छत्रकोट भजन समूह, शिवशक्ति भजन समूह, चन्द्रकोट चक्रेश्वर भजन समूह, बडिगाड भजन समूह बाग्लुङ र रुरुक्षेत्र भजन समूहको सहभागिता रहेको छ । भक्तिसङ्गीत प्रतियोगीतामा प्रथम, द्बितीय र तृतीय हुनेले क्रमश: ३०, २५ र २० हजार रुपियाँ पुरस्कार प्रदान गरिने छ । साथै प्रत्येक समूहलाई सहभागीता स्वरूप पाँच हजार प्रदान गरिने समितिले जनाएको छ ।

# पर्रोहा बोलबम धामको ज्योर्तिलिङ्गमा जलार्पण गर्नेको घुइँचो

**लुम्बिनी,** साउन १७/ नेपालको एकमात्र स्वयं उत्पत्तिमान शिव ज्योर्तिलिङ्ग मानिने रुपन्देहीको पर्रोहा बोलबम धाममा दर्शनार्थीको घुइँचो लागेको छ । यहाँ हरेक वर्ष श्रावणी मेलामा जलार्पणका लागि दर्शनार्थीको ठूलो भीड लाग्ने गर्छ । विशेष गरी साउन महिनाभरी पहेँलो बस्त्रधारी दर्शनार्थी यहाँ आउने गर्दछन् । प्राचीन शिवालय पर्रोहा बोलबम धाममा रहेको शिव ज्योर्तिलिङ्गमा हरेक वर्षको गुरूपूर्णिमादेखि जनैपूर्णिमासम्म जलार्पण गर्ने परम्परा छ ।



यहाँ जलार्पण गरे पाप नष्ट हुने, परिवारका सदस्यको दीर्घायु हुने र सुख शान्ति मिल्ने धार्मिक विश्वास छ । धामका प्रमुख संरक्षक आचार्य किशोरकुमार गौतमले सोमबार मात्र नभएर अन्य दिनमा ठूलो संङ्ख्यामा भक्तजनले गङ्गाजल अर्पण गर्ने गरेको बताए । साउन महिनामा ज्योर्तिलिङ्गमा गङ्गाजल र बेलपत्र जस्ता सामग्रीले पूजा गरेमा भगवान् शिव खुसी भई मनोकांक्षा पूरा गरिदिने जनविश्वास छ । उक्त ज्योर्तिलिङ्गमा अर्पण गर्न कपिलवस्तुको लक्ष्मणघाट, गुल्मीको कालिगण्डकी, चितवनको देवघाट र नवलपरासीको त्रिवेणीघाटबाट गङ्गाजल ल्याउने चलन छ । काँवरमा गङ्गा जल बोकेर कोही पैदल त कोही सवारीसाधनमा बोलबमको नारा लगाउँदै हिँडेका बोलबम यात्रीहरुले यस क्षेत्रलाई रमाइलो बनाएका छन् । यहाँ मेला भर्न रुपन्देही, कपिलवस्तु, नवलपरासी र पाल्पाका अतिरिक्त फाटफुट रुपमा पूर्वको मेचीदेखि पश्चिमको महाकाली एवं राजधानीबाट भक्तजन आउने गर्दछन् । भारतको उत्तरप्रदेश र बिहार क्षेत्रबाट भक्तजन आउने गर्दछन् । यहाँ अहिले पहेँलो बस्त्र, ग्यालन, फलफूल र पूजा सामग्रीको व्यापार फस्टाएको छ । यो स्थान बुटवलदेखि १५ किलोमिटर पश्चिममा रानीबगिया भन्ने ठाउँबाट दुई किमी दक्षिणमा पर्दछ । बोलबम व्यवस्थापन समितिको आह्वानमा अघिल्लो सोमबार सैनामैना नगरका भक्तजनले कपिलवस्तुको पवित्र बाणगङ्गाको जल ल्याइ पर्रोहा परमेश्वर धाममा जलार्पण गरेको समितिका अध्यक्ष चित्रबहादुर कार्कीले बताए । आगामी सोमबार भने गुल्मीको प्रशिद्ध तीर्थस्थल रुरु क्षेत्रमा पुगेर कालीगण्डकीको जल ल्याएर जलार्पण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# अस्थिर राजनीतिको प्रभाव

देशमा राजनीतिक अस्थिरता छ । अस्थिर राजनीतिले स्थिर सरकारलाई समेत अस्थिर बनाई रहेको छ । अहिले काँग्रेस-एमाले स्थिर गठबन्धन सरकार छ । तर अस्थिर राजनीतिका कारण यो सरकार पनि कहिले ढल्ले हो भन्ने आशंक उत्पन्न गराएको छ । वर्तमान गठबन्धन भत्काएर सरकार ढलाउने हल्ला राजनीति वृत्तमा सुन्न थालिएको छ ।

राजनीतिक स्थिरता कायम गर्ने लगायतका ७ बुँदे सहमति गरेर सरकार बनेको एक वर्ष पुग्दा नपुग्दै देखिएका अस्थिरताले उद्देश्य चाहीँ विधि/पद्दति र सुशासनभन्दा जसरी पनि सत्ता हो भन्ने देखिएको छ । काग्रेस-एमाले गठबन्धन बनेको एक वर्ष पुगेलगत्तै बागमती प्रदेशबाट राजनीतिक अस्थिरताको बिजारोपण भएको छ । किन स्थिरता भनियो र अस्थिरताको बिजारोपण गरियो ? काग्रेसभित्रका गुट, उपगुटको सत्ता स्वार्थकै कारण बागमती प्रदेश सरकार ढल्न लागेको छ । आफ्नै पार्टी नेतृत्वको सरकार ढाल्न काग्रेसका नेताहरू लामबद्ध भएर लाग्नु व्यक्ति र स्वार्थकेन्द्रीत राजनीतिकै परिणाम हो । अब यसका बाँछिटाहरू अरू प्रदेश, अनि संघमा कति पर्छ ? विस्तारै देखिँदै जानेछ । भलै, एमालेभित्र बोल्यो कि पोल्योको जोखिम भएकाले प्रधानमन्त्री र सरकारबारे तैंचुपमैचुपको अवस्था छ । तर चाहे काग्रेस् होस् या एमाले, आन्तरिक शक्ति संघर्ष भने उत्कर्षमा छ ।

विपक्षमा रहेका दलहरूमा पनि सरकारलाई खबरदारी र जनतासँग साझेदारीभन्दा पदकै आशक्तिमा ध्यान देखिन्छ । यसलाई लोकतान्त्रिक अभ्यासको जलप लगाउन खोजिएला वा जिवन्त पार्टी भित्र फरक मतको अभ्यास भनिएला । तर यो न लोकतन्त्र हो, न फरक मत । यो मात्र व्यक्तिगत स्वार्थ टकराव र गुटगत भागवण्डा मात्र हो । यो अत्यन्त विडम्बनाको कुरा हो । बारम्बार सरकार ढाल्ले, सत्तासीन गठबन्धन भत्काउने प्रवृत्तिले मुलुकमा न त स्थिरता दिन सक्छ, न विकास र सुशासन सुनिश्चित हुन्छ । त्यसैले अहिलेको मूल आवश्यकता स्थिर, जवाफदेही र परिणाममुखी सरकार हो, न कि पुनः अस्थिरताको दलदल । त्यसैले सरकार ढालेर मुलुकलाई अस्थिरतातर्फ धेकेल्ने सबै खाले खेलहरु पूर्णरुपमा बन्द हुनुपर्छ ।

## Opinion @ Social Network


संर्घष गर्दा लागेको घाउलाई
एक दिन पक्कै सफलताले मलम लगाउने छ ।
(कृष्ण खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/krishna.Khadka)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीति र प्रशासनबीचको सम्बन्ध



प्रेमलकुमार खनाल

मुलुकको राज्य सञ्चालनको सम्बाहकको रूपमा रहेको सार्वजनिक प्रशासन अर्थात् कर्मचारीतन्त्रले कुशल एवं प्रभावकारी ढंगबाट भूमिका निर्वाह गर्नसके तथा राजनीतिज्ञ अर्थात् सरकारमा रहेका मन्त्री, प्रधानमन्त्रीले कर्मचारीतन्त्रलाई विश्वासमा लिएर नीति कार्यक्रम तर्जुमा गरेर कार्यान्वयन गर्न सके संविधानले दिशावोध गरेको बाटोबाट मुलुकलाई अगाडि बढाउन सकिन्छ । यस क्रममा कर्मचारीतन्त्रले विभिन्न राजनीतिक दलहरू तथा जनस्तरबाट प्राप्त सुझाव, ऐन कानुन तथा स्रोतसाधनको सम्भाव्यता र सीमितताका आधारमा सरकारको नीति तथा कार्यक्रम तर्जुमा गर्न मद्धत पुऱ्याउनुपर्दछ । तर नीति कार्यक्रम तर्जुमा मात्रै गरेर पुग्दैन । यसको प्रभावकारी कार्यान्वयन गर्न कर्मचारीतन्त्रले नै प्रशासनिक नेतृत्व गर्नुपर्दछ । भनिन्छ राजनीतिज्ञले राजनीतिक नेतृत्व गर्ने हो तर प्रशासनिक नेतृत्व भने कर्मचारीतन्त्रले नै गर्नुपर्दछ । यसरी राजनीतिज्ञ र कर्मचारीतन्त्रले एकअर्काप्रति विश्वस्त भएर अन्योन्याश्रित सम्बन्ध कायम गरेर सही नीति कार्यक्रम तर्जुमा गर्न भूमिका निर्वाह गर्नसके राज्यले परिलक्षित गरेको उद्देश्य पूरा हुन सक्तछ । राजनीतिज्ञको सफलता असल नीति तर्जुमा र कर्मचारीतन्त्रको सफलता यसको प्रभावकारी कार्यान्वयनमा निहित हुन्छ । तर्जुमा गरिएका सरकारी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनसक्यो भने कर्मचारीतन्त्र साँच्चिकै लोकप्रिय बन्दछ । यतिबेला कर्मचारीतन्त्र आलोचनाबाट मुक्त छैन । खासगरी विकास आयोजनाहरूको छनौटमा कर्मचारीतन्त्रले ध्यान दिनसकेको छैन । राजनीतिज्ञहरू निर्वाचनमुखी योजनाहरू बजेटको रातो किताबमा राख्न सक्रिय भएका हुन्छन् तर कर्मचारीतन्त्रले योजना छनौटमा ध्यान दिनुपर्ने हुन्छ । योजनाको सम्भाव्यता, आवश्यकता, स्रोतसाधनको उपलब्धता र योजनाबाट प्राप्त हुने प्रतिफलका बारेमा कर्मचारीतन्त्रभित्र राम्रोसँग ध्यान दिन सकिएन भने बजेटमा योजना छुट्याएरमात्रै योजना सम्पन्न हुँदैन । अहिले पुँजीगत खर्च हुन नसक्नुमा हचुवाका भरमा योजना रातो किताबमा समावेश गर्ने परिपाटी प्रमुख समस्याको रूपमा रहेको देखिन्छ । जनतालाई सशक्तीकरण गर्ने र विकास निर्माणमा जनताको सहभागिता वृद्धि गर्ने नीति कार्यक्रम लागू गर्न अझै राजनीतिक क्षेत्र र कर्मचारीतन्त्र अलमलमा छ । विकास योजना भनेको सरकारको रातो किताबको बजेटमात्रै हो भन्ने मानसिकता स्वयं राजनीतिज्ञ र प्रशासकहरूमा रहेको पाइन्छ । जनतालाई सहभागी गराएर विकासको मोडेल अगाडि नबढाउने हो भने हाम्रा विकास प्रयास बालुवामा पानी हाले जस्तो मात्रै भइरहनेछन् । अत: जनसहभागिता वृद्धि गरेर यस्ता कार्यक्रमबाट सही उचित प्रतिफल प्राप्त हुने र जनता लाभान्वित हुने, समन्यायिक र सन्तुलित विकासका लागि योजनामा खर्च गर्ने चुनौती देखिएको छ । यस विषयमा राजनीतिज्ञ र कर्मचारीतन्त्रले गम्भीर रूपमा ध्यान दिनुपर्ने देखिन्छ । यस्ता विषयमा कर्मचारीतन्त्रले एउटा विज्ञ र असल योजनाकारको रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । कर्मचारीतन्त्रलाई प्रभावकारी बनाउन सरकारको नेतृत्व गर्ने प्रधानमन्त्री र मन्त्रालयको नेतृत्व गर्ने मन्त्री तथा मन्त्रालयको नेतृत्व गर्ने प्रशासनिक नेतृत्व पनि उत्तिकै सक्षम हुनुपर्दछ । यहीँ भएर आधुनिक व्यवस्थापनअन्तर्गत मानव स्रोत व्यवस्थापनमा ‘राइट म्यान राइट प्लेस’ भन्ने गरिन्छ । कर्मचारीतन्त्रमा यसको अत्यन्तै ठूलो महत्त्व छ । मन्त्रालयमा मन्त्रीहरू बारम्बार फेरबदल भई रहने र सचिवहरू, सहसचिवहरू र परियोजनाका प्रमुख पनि मन्त्री, सचिव फेरबदल हुने बित्तिकै फेरबदल हुने परिपाटीले राजनीतिक क्षेत्र र प्रशासनिक दुबै क्षेत्र यतिबेला आलोच्य बनेका छन् । भर्खरै मन्त्रालयमा सचिवको पदस्थापना भएको हुन्छ तर मन्त्री नयाँ नियुक्ति आउने बित्तिकै सचिवको सरुवा भई हाल्ने परिपाटीले राजनीतिज्ञ र प्रशासनबीचको सम्बन्ध राम्रो हुन नसकेको विज्ञहरू बताउँदछन् । मन्त्रालयमा यतिबेला निर्वाचित मन्त्री राजनीतिज्ञ (इलेक्टेड), प्रतियोगितामा सामेल भएर छनौट भइआएका (सेलेक्टेड) कर्मचारीहरू र मन्त्रीले आफैंले नियुक्ति गरेका स्वकीय सचिव, विज्ञ, सल्लाहकार ( नोमिनेटेड) को संगमस्थल बनेको छ । नीतिगत हिसाबले मन्त्रालयमा नोमिनेटेड व्यक्तिहरू हावी हुनेगरेको टिप्पणी हुनेगरेको छ । कर्मचारीको सरुवा, पदस्थापना, आयोजना छनौटमा, विदेश भ्रमणको अवसरमा कर्मचारीतन्त्रले नोमिनेटेडहरूको दबाबमा काम गर्नुपरेको टिप्पणी हुने गर्दछ । यसरी मन्त्रालयमा नोमिनेटेड मालामाल हुने, उनीहरूको जीवनस्तर र जीवनशैली नै फरक हुने, कतिपयको त फवात्तै जीवनस्तर माथि उठेको भन्ने टिप्पणी पनि हुनेगरेको छ अनि नराम्रो काम भएमा राजनीतिज्ञ मन्त्रीको नाम मुछिने गर्दछ । यसले गर्दा सिंगो सरकारकै इमेजमा प्रश्न खडा हुने गर्दछ । अहिले शासकीय व्यवस्थामा सुधारको प्रसंग उठिरहदा मन्त्रीहरू पेशाविद, विज्ञहरू नियुक्ति गर्नुपर्ने र सांसदहररुले मन्त्री नभएर एक असल विधायकको भूमिका निर्वाह गर्ने गरि सुधार गरिनुपर्छ भन्ने दृष्टिकोण आइरहेको छ । वास्तवमा ब्युरोक्रेसीको राजनीतिक नेतृत्व गर्ने व्यक्ति एक असल पेशाविद् एवं विज्ञ हुने हो भने कर्मचारीतन्त्रले नेतृत्वलाई झन् राम्रोसँग आत्मसात् गरेर जवाफदेही भएर काम गर्ने स्थितिको विकास हुनेछ । यस्तै मन्त्रालयहरूमा नोमिनेटेड व्यक्तिहरूको सट्टामा कर्मचारीतन्त्र भित्रकै अनुभवी विज्ञहरूबाट नै मन्त्रीको काममा सहयोग पुऱ्याउने टिम निर्माण गर्दा काममा गुणस्तरीयता आउने, साधारण खर्चको शिरोभार पनि घटेर जाने तथा मन्त्रालयभित्र इलेक्टेड, सेलेक्टेड र नोमिनेटेडबीचको द्वन्द्व पनि न्यून भएर जाने विश्वास लिन सकिन्छ । यशबाट राजनीतिज्ञ र प्रशासनबीचको सम्बन्ध पनि राम्रो भएर जाने देखिन्छ । कर्मचारीतन्त्रमा राजनीतिज्ञ र प्रशासनबीच सुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने सवालमा आ-आफ्नै खालको स्वार्थ रहेको पाइन्छ । राजनीतिज्ञहरू महँगो निर्वाचन लडेर आएका हुन्छन् । यसैले उनीहरू निर्वाचनमा खर्च भएको रकम असुलउपर गर्न र आउँदो निर्वाचनको खर्च जोहो गर्न लागि पर्ने गरेको भनेर टिप्पणी हुने गर्दछ । यसैमा राजनीतिज्ञको कमजोरी हुने गर्दछ र जसको मनग्यै आलोचना हुनेगरेको पनि छ । यसैगरी पश्चिमेली उपभोक्तामुखी संस्कृतिले जरा गाड्न थालेको छ । शिक्षा र स्वास्थ्यमा भएको व्यापारीकरण र निजीकरणले आधारभूत आवश्यकताका वस्तु र सेवा सबै महँगो भएको छ । सार्वजनिक क्षेत्रबाट प्रवाह हुने सेवा र वस्तु गुणस्तरहीन भएको तर निजी क्षेत्रको सेवा गुणस्तर राम्रो भएको नाममा महँगो बोर्डिङ र विदेशमा छोराछोरी पढाउने, महँगो खर्च गरेर देश विदेशमा उपचारमा खर्च गर्ने, भव्य महल बनाउने, पजेरो जोड्ने संस्कृतिले कर्मचारीतन्त्रभित्रका केही मानिसलाई गाँजेको छ । यी सबै कार्य गर्न, विद्यमान तलब, पारिश्रमिक प्रणालीबाट सम्भव नहुने भएपछि, कर्मचारीतन्त्रभित्र अनियमितता र भ्रष्टाचार हुने गरेको बताइन्छ । मुलुकमा आर्थिक अनुशासन र मितव्ययिता कायम राख्नका लागि मुलकमा निर्वाचन प्रणालीमा आमूल सुधार गर्नुको कुनै विकल्प छैन । यस्तै, राष्ट्रसेवक कर्मचारीको जीवनयापनलाई सुव्यवस्थित गर्न आर्थिक तथा गैरआर्थिक सुविधाको प्रत्याभूति गर्नेगरी नीति योजना तर्जुमा गर्न राजनीतिज्ञ र प्रशासन दुबैले गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ । यसैगरी शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, यातायात सेवालाई सर्वसुलभ बनाउने गरी नीति योजना कार्यक्रमसहित बजेट तर्जुमा गर्न ध्यान दिनुपर्दछ । राष्ट्रसेवक कर्मचारीलाई दैनिक उपभोग्यवस्तु सर्वसुलभ प्राप्त गर्नेगरी रासन कार्डको व्यवस्था, सबै कर्मचारीका लागि सुविधासम्पन्न बस यातायात परिवहनको व्यवस्था गरी, कार्यालयहरूमा मोटर, गाडी, मोटर साइकल खरिद, पेट्रोल र मर्मतसम्भारका नाममा हुने ठूलो खर्च र अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्न ध्यान दिनुपर्छ । यस्तै, आवासविहीन राष्ट्रसेवक कर्मचारी, सांसदहरू र संवैधानिक अंगका पदाधिकारीका लागि सस्तो सुलभ खालको आवास निर्माण गरी आवासको सुविधा प्रदान गर्ने, सार्वजनिक पद धारण गर्ने, सांसद, संवैधानिक अंगका पदाधिकारीका लागि सार्वजनिक यातायातको सुप्रबन्ध गरी नि:शुल्क यातायात सुविधा (स्विडेनमा यस्तो व्यवस्था रहेछ) जस्ता व्यवस्था गर्नसके सार्वजनिक प्रशासनभित्र, अनियमितता र भ्रष्टाचारलाई न्यून गर्न र मितिव्ययिता कायम गर्न सकिन्छ । अत: यस काममा राजनीतिज्ञ र कर्मचारीतन्त्रबीच कार्यक्रमिक सोच र प्रतिबद्धताको खाँचो छ । कर्मचारीतन्त्रभित्र कतिपय व्यक्तिहरू शक्तिको अगाडि नतमस्तक हुने गरेको आरोप छ । आफ्नो काम कर्तव्यप्रति जवाफदेही हुनेभन्दा पनि शक्तिशाली राजनीतिज्ञलाई रिझाएर आफ्नो स्वार्थसिद्धि गर्न प्रशासकहरू लालयित हुने टिप्पणी हुनेगरेको छ । यसले गर्दा राजनीति र प्रशासनबीच द्वन्द्व उत्पन्न हुनेगर्छ । यसको अन्त्य गर्न जरुरी छ । बदलिएको परिस्थितिमा कर्मचारीतन्त्रको सुधार अनिवार्य बनेको छ तर सुधार हुन नसकेकोमा कर्मचारी तन्त्रले राजनीतिलाई दोष लगाउने, राजनीतिले कर्मचारीतन्त्रलाई आरोप लगाउने तर सुधार नगर्ने, सुधार गरेजस्तो मात्र गर्ने तर यथास्थितिमै रमाउने प्रवृत्ति छ । कर्मचारीतन्त्रलाई उत्प्रेरित, उच्च मनोबलयुक्त, व्यावसायिक गुणयुक्त, व्यवस्थापकीय सक्षमतासहितको, प्राविधिक र प्रतिस्पर्धी बनाउने विषयमा राजनीति उदासीन देखिन्छ भने कर्मचारीतन्त्रभित्र यथास्थितमै रमाउने, परिवर्तनसँग डराउने, निर्णय छिटोछरितो ढंगबाट नगर्ने, प्रक्रियामै अल्झने, आदि कारणले कर्मचारीतन्त्र जनमुखी बन्न सकेको छैन । मुलुकमा युगान्तकारी परिवर्तन भएर संघीय शासन प्रणालीको सुरुवात भइसकेको दश वर्ष व्यतीत भएको छ । अब जनताको घरदैलोसम्म सेवा प्रवाह गर्न आवश्यक पर्ने नीति, नियम, कानुन, आर्थिक, भौतिक र मानव स्रोतको व्यवस्था गरिदिनुपर्ने दायित्व कर्मचारीतन्त्रको हो तर अहिले पनि हिजोकै परम्परागत सोच र मानसिकताले ग्रस्त भएको जनताले अनुभव गरिरहेका छन् । संघीयतालाई व्यवस्थापन गर्ने अझै दर्जनौं ऐन कानुन तर्जुमा हुनसकेका छैनन् । विज्ञ र प्राविधिकसहितको कर्मचारी परिचालन आवश्यकता अनुसार अझैसम्म स्थानीय तहमा हुनसकेको छैन तर केन्द्रीयस्तरका मन्त्रालय वा राजधानी केन्द्रित भएर अधिक कर्मचारी परिचालन भएका छन् तर आधारभूत तहमा विज्ञतासहितको कर्मचारी न्यूनमात्रै परिचालन भएको छ । कर्मचारीतन्त्रभित्र नीति तर्जुमा गरिरहँदा यी विषयलाई गम्भीरतापूर्वक ध्यान दिन जरुरी छ । मुलुकको राष्ट्रिय हितको पक्षपोषण गर्न र यसको रक्षा गर्न कर्मचारीतन्त्रले उच्च जिम्मेवारी बोधका साथ भूमिका निर्वाह गर्नुपर्छ । मुलुकमा भएको युगान्तकारी परिवर्तनसँगै सार्वजनिक प्रशासन अर्थात् कर्मचारीतन्त्रले जनतालाई परिवर्तनको अनुभूति प्रदान गर्ने गरी नवीनतम सोच, सुस्पष्ट दृष्टिकोण र कार्यक्रमिक प्रतिबद्धताका साथ जवाफदेही भएर भूमिका निर्वाह गर्नुपर्छ । यस्तै कर्मचारीतन्त्रले राजनीतिक नेतृत्वलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ र राजनीतिक नेतृत्वले पनि कर्मचारीतन्त्रलाई रूपान्तरण गर्दै विश्वासमा लिएर काम गराउने भूमिका निर्वाह गर्नसके राजनीति र प्रशासनबीचको सम्बन्ध व्यवस्थित हुने विश्वास लिन सकिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जीवनसाथीबाट उपहार मिल्न सक्ला। मेहनत गर्यो भने सफलता अवश्य मिल्नेछ। | **तुला** : कार्यक्षेत्रमा आत्मबल र धैर्य बढ्नेछ। कानुनी मामलाहरूमा सफलता मिल्नेछ। |
| **वृष** : आफ्नो स्वास्थ्यलाई लिएर विशेष ध्यान दिनुहोला। आकस्मिक धनहानि हुनसक्छ। | **वृश्चिक** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। प्रतिस्पर्धामा विजयी भइनेछ। |
| **मिथुन** : रोग प्रतिरोधात्मक क्षमता बढाउनको लागि पौष्टिक भोजनको सेवन गर्नुहोस्। | **धनु** : समाजमा तपाईंको कार्यको चर्चा हुनेछ। आय आर्जन राम्रो रहनेछ। |
| **कर्कट** : नयाँ स्थानमा भ्रमणका योग छन्। शत्रुपक्ष कमजोर भएपनि सक्रिय रहनेछन्। | **मकर** : छरछिमेकीहरुको सहयोग मिल्नेछ। पेट सम्बन्धी समस्याले सताउन सक्छ। |
| **सिंह** : आर्थिक पक्ष सबल रहनेछ। नयाँ कार्य प्रारम्भ गर्नमा सफलता मिल्नेछ। | **कुम्भ** : कुनै निर्णय नलिनुहोला।नयाँ कार्य सम्पादन गर्नमा सफल भइनेछ। |
| **कन्या** : आफूलाई प्रस्तुत गर्ने प्रयास गर्नुहोस।इष्टमित्रहरूको सहायोग मिल्नेछ। | **मीन** : पुराना कुरा लिएर मनमुटाव रहन सक्छ। श्रमको उचित मूल्यांकन मिल्नेछ। |

## कृषि

# वर्षापछि तराईका किसानमा रोपो जाग्ने आशा

लामो समयदेखिको खडेरीले आहत भएका महोत्तरीका किसानमा रोपो जाग्ने आशा पलाएको छ । यो साता सोमबारयता लगातार पानी परेपछि उनीहरूमा रोपो जाग्ने आश बढेको हो । पछिल्लो पटक गए राति जिल्लाका अधिकांश ठाउँमा पर्याप्त चिस्यान हुनेगरी पानी परेको छ । यस्तै गत बिहीबार र सोमबार पनि पानी परेको थियो । "अबचाहिँ रोपो मरोइन, रोपिएको खेतमा यसअघि परेको चिरा पुरिएका छन्, रोपो पनि फेरिएको छ", भङ्गाहा-३ कटैयाका किसान विजय यादवले भने, "पछिल्ला तीन दिनको वर्षाले रोपोलाई निकै राहत मिल्यो ।" यसअघि इनार, बोरिङ्गर स्यालोट्युववेलबाट पम्पसेट लगाएर रोपेको धान अब भने जाग्ने आश बढेको किसानले बताएका छन् ।



पछिल्ला तीन दिन परेको पानीले थप रोपाइँ नबढे पनि यसअघि रोपिएको धानलाई भने निकै राहत मिलेको किसानको भनाइ छ । प्रचण्ड रापले पहेँलिँदै गएको रोपो पछिल्ला वर्षाले निकै फेरिएको बर्दिबास-७ प्रेमनगरका किसान रामउद्गार महतो बताउछन् । "खेत हिल्याउने गरी त पानी पर्न सकेन, तर लगालगीजस्तो तीन दिनको वर्षाले निकै राहत दियो", महतो भन्छन्, "खासमा यसअघि रोपिएको धान, खडेरीले सुक्दै गएको उखु, कोदो, मकै र तरकारीबालीलाई अमृत बर्सेजस्तै भयो ।" लामो खडेरीले आहत भएका बेला यो क्षणिक वर्षा पनि केकेन भेटाएजस्तो भएको किसान बताउँछन् । पछिल्लो वर्षाले धानको रोपोसँगै उखु, सागसब्जी, मकै र कोदोसहितका बालीलाई चिस्यान मिलेको भङ्गाहा-४ रामनगरका ७५ वर्षीय किसान इस्लाम राइनको पनि भनाइ छ । "लामो रौदी (खडेरी)ले उखुका टुप्पा खङरङ्ग सुक्दै गएका थिए, पछिल्लो वर्षाले राम्रो चिस्यान भएपछि जादुजस्तै भएको छ, उखुका बोट फेरिँदै छन्," उनले भने । यो वर्षाले धानबाहेकका बालीलाई अलिबारलाई पर्याप्त चिस्यान भएको छ । धानको रोपोमा भने गन्हामा भरिनेगरी पानी चाहिएको किसान बताउँछन् । पछिल्लो वर्षा महोत्तरीका सबै भेगमा धेरथोर परेको छ । यद्यपि दक्षिणतिरभन्दा उत्तरतर्फ बढी पानी परेको सर्वसाधारणसँगको कुराकानीबाट बुझिएको छ । पछिल्लो वर्षाले प्रचण्ड गर्मीको रापबाट राहत मिलेको सर्वसाधारणले बताएका छन् । यसपालि लामो खडेरीले गर्दा महोत्तरीमा धान रोपाइँ निकै पछि सरेको छ । जिल्लाको कूल धानखेतीयोग्य जग्गा ४२ हजार ५०० हेक्टर मानिन्छ । तर साउन तेस्रो साता सुरू भइसक्दासम्म जिल्लामा ३५ प्रतिशत रोपाइँ नकटेको कृषि ज्ञान कद्र महोत्तरी कार्यालयले जनाएको छ । रोपाइँ थप बढाउने गरी पानी पर्न नसके पनि पछिल्लो वर्षाले यसअघिको रोपोलाई भने निकै राहत दिएको कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत देवानन्द यादव बताए ।

*-रातोपाटी डटकम*

# वैदेशिक रोजगारीमा ठक्कर, बाख्रापालनबाट मिल्यो सफलता

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ राम्चे काफल डाँडाका जगबहादुर फगामीले वैदेशिक रोजगारबाट फर्किएर सुरु गरेको बाख्रा पालनबाट आत्मनिर्भर बनेका छन् । रोजगारको शिलसिलामा तीन वर्ष मलेसियामा काम गरेका फगामीले कम्पनीले पारिश्रमिक नदिएर धोका दिएपछि गाउँ फर्किएर बाख्रा पालन सुरु गरेका थिए । 'विदेशको ठक्करले गाउँ फर्किएर एउटा बाख्रा किनेर खेतीकिसानी गरेर परिवार चलाउनथालेको थिए, बाख्राले जुम्ल्याह पाठा पाठी जन्माउन थालेपछि बाख्राको सङ्ख्या बढ्दै गयो, पछि राम्चे बाबा समूहको ५३ वटा बाख्रा रु दुई लाखमा खरिद गरेर बाख्र पालनलाई व्यावसायिक बनाएको हुँ," फगामीले भने । उनी अहिले गाउँमै उपलब्ध स्रोत, श्रम र सीपको सदुपयोग गर्दै आत्मनिर्भर बन्न सकिन्छ भन्ने उत्कृष्ट उदाहरणको पात्र बनेका छन् । उनले विगत ६ वर्षदेखि बाख्र पालनलाई व्यवस्थित र व्यावसायिक बनाएका छन् । फगामीले सञ्चालन गरेको 'सुतारे एकीकृत कृषि तथा पशुपंक्षि फर्म'मा अहिले १५० वटा बाख्रा छन् । फर्ममा रहेका ४० वटा माउ बाख्रा व्याउने छन् । चाडपर्व र विभिन्न पूजा आजामा खसीबोका र पाठा पाठीको बिक्रीहुने गरेको छ । उत्पादन भएका खसीबोका गोठ र खोरबाटै बिक्री हुने गरेको बाख्रा पालक कृषक फगामीले जानकारी दिए । उनकाअनुसार, बाख्रा पालनबाट मासिक रु ४० हजारदेखि ५० हजारसम्म आम्दानी हुने गरेको छ । फर्ममा फगामी दम्पतीका साथै छोरा बुहारीले बाख्राको रेखदेख र स्याहार गर्दै आएका छन् भने चरन क्षेत्रमा लैजानका लागि एक जनालाई रोजगारिसमेत दिइएको छ । हिउँद याममा बेसीँका फाँटमा खेतबारीमा घाँस खुवाएर मल बनाउने बाख्रालाई जेठ लागेपछि भने ढरुवा, धौलापारा,



साँधीखर्कलगायतका लेकाली क्षेत्रका वनजङ्गलमा चरनका लागि लैजाने गरिएको छ । बाख्रा पालनबाट स्वरोजगार र आत्मनिर्भर बनेका फगामीले बाख्र पालनसँगै भेडापालन गर्ने योजनासमेत बनाएका छन् । बाख्र पालनलाई थप व्यवसायिक बनाउनका लागि अहिले खोरको क्षमता विस्तार गरिएको छ । आर्थिक वर्ष २०८१/०८२मा अन्नपूर्ण गाउँपालिकाले पशुपंक्षिको लागि गोठखोर निर्माण योजनाबाट उपलब्ध गराएको अनुदानबाट करिब तीन सय बाख्रा पालनगर्न सक्ने क्षमताको खोर निर्माण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएको रु एक लाख ६६ हजार अनुदान रकममा आफूहरुले श्रमदान र नगद साझेदारी गरी करिब साढे तीन लाख लगानीमा व्यवस्थित खोर निर्माण गरिएको बाख्रा पालनक किसान फगामीका छोरा राजु फगामीले बताए । छोटो समयमै हुर्कने र अन्य पशुपंक्षिको तुलनामा नगद आम्दानीसमेत बढी हुने भएकाले सिङ्गो परिवारले नै बाख्रा पालनलाई अङ्गालेका छन् । विभिन्न समयमा बाख्रामा आउने रोगको पहिचान गरी उपचार गर्न नसक्दा धेरै क्षति व्यहोरेका फगामी परिवारले हार नखाएर बाख्रा पालनलाई निरन्तरता दिएकै कारण अहिले सफलता प्राप्त गरेका हुन् । आलुसँगै अन्नबालीको खेती किसानीसमेत गर्दै आएपनि घरपरिवारको अन्य आम्दानीको स्रोत नहुँदासमेत बाख्र पालनबाटै भएको आम्दानीबाट परिवारले घरखर्च जुटाउँदै आएको फगामीले बताए । उत्पादन भएका खसीबोका र पाठा पाठीको उचित बजारको सुनिश्चित हुन सकेमा बाख्र पालनलाई अझैं व्यावसायिक बनाउने फगामी परिवारको योजना रहेको छ ।

*-रासस*

# घरखर्च चलाउने आम्दानी बन्न थाल्यो निहुरो



**म्याग्दी,** म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने डौडे(निहुरो)ले बजार पाउन थालेपछि आम्दानीको माध्यम बनेको छ । केही वर्षअघिसम्म जङगलमा कुहिएर खेर जाने निहुरो बिक्री हुन थालेपछि ग्रामीण क्षेत्रका बासिन्दाले आम्दानीको स्रोत बनाउन थालेका हुन् ।अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले सडक यातायात र ढुवानीको सुविधा भएपछि निहुरोले बजार पाएको बताए ।"बर्खेबाली लगाएर फुर्सदीला बनेका गाउँलेहरु साउन र भदौ महिनामा दैनिकजसो जङ्गलबाट टिपेर ल्याएको निहुरो गाडीवालालाई बेच्छन्", उनले भने, "गाडीवालाले गाउँबाट यात्रुसँगै डौडे बोकेर बजार पुर्‍याउँछन् ।" दोवामा निहुरोबाट वार्षिक रु २५ देखि ३० लाख नगद भित्रने गरेको वडाध्यक्ष गर्बुजाले बताए । दोवाकी निहुरो सङ्कलक मायाकुमारी पुनले प्रतिकिलो रु ६५ देखि ७० मा गाउँबाटै निहुरो बिक्री हुने गरेको बताईन । "कुहिएर खेर गइरहेको निहुरो हाम्रा लागि आम्दानीको स्रोत बनेको छ", उनले भनीन "फुर्सदको समय सदुपयोगका साथै घरखर्च चलाउने आम्दानी जुटाएका छौँ ।" दोवाका साथै दग्नाम, चिमखोला, पात्लेखेत, मुना र हिदीबाट बेनी आउने गाडीले दैनिक ५०० किलोग्राम निहुरो बेनीमा ल्याउने गरेका व्यापारीले बताएका छन् । बेनीका तरकारी तथा फलफूल व्यवसायी देवेन्द्र सुवेदीले गाउँबाट आउने निहुरो बागलुङ, कुश्मा र काठमाडौँ पठाउने गरेको बताए । "बेनी आइपुग्दा प्रतिकिलो दौडेको मूल्य रु १०० देखि रु १२० सम्म पर्छ", उनले भने, "गत वर्ष दैनिक एक हजार किलोग्राम निहुरो आउने गरेको थियो । यसपालि गाउँबाट गत वर्षको तुलनामा आधा मात्रै निहुरो आएको छ । माग धान्न सकिएको छैन ।" समद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार ५०० मिटर उचाइको ओसेपिलो ठाउँमा बर्खा याम निहुरो प्राकृतिक रुपमा उम्रन्छ । निहुरोको मुना छिप्पीएपछि सोत्तर हुन्छ । मुना अवस्थाको निहुरोलाई पकाएर तरकारी र अचारका रुपमा प्रयोग गर्न सकिन्छ । यो एक जैविक तरकारी समेत हो । निहुरो टुसा पलाएको चार/पाँच दिनभित्र ठूलो झ्याङ भएको निउरो बन्छ । निहुरोमा एन्टीअक्सिडेन्ट पाइने भएकाले औषधीय र पोषणयुक्त तरकारीको रूपमा लिन थालिएको छ । बेनीका होटल व्यवसायी पूर्ण गौचनले पोषिलो, स्वादिलो र स्वस्थकर हुने भएकाले निहुरोको तरकारी र अचार पाहुनाले रुचाउने बताए । स्वास्थ्यकर्मीहरुका अनुसार भिटामिन 'ए', 'बी' र 'सी' पर्याप्त मात्रामा पाइने निहुरोमा आइरनको मात्रा पनि हुन्छ । आँखाको दृष्टि कमजोर भएकाहरूले पनि नियमित खाँदा लाभदायक हुन्छ । मुटु र मधुमेह रोगीहरूका लागि पनि निहुरो निकै उत्तम आहार मानिन्छ । यसको तरकारी खानाले क्यान्सरका बिरामी, भाइरल खोकी, चिसो लाग्दा र फोक्सोका बिरामीलाई फाइदा हुने उपभोक्ताको अनुभव छ ।

*-रासस*


**Rambha Rural Municipality**
**Office of Rural Executive, Pipaldada, Palpa**
**Lumbini, Province, Nepal**

# FINACIAL BID OPENING NOTICE

**Publication Date: 03-Aug-2025 (2082/04/18)**

Pursuant to rule no.-31 Ja, Sub rule no.-5 & 6 of public procurement Regulation -2064, it is notified that all concerned that, financial bids of the works mentioned below will be opened publically in presence of bidder's representative who choose to attend. Bidder's presence in opening process will be appreciated.

**DETIALED OF FINANCIAL BID PONING**

| Description of work and IFB No.: | Substantially Responsive Bidder in Technical Evaluation | |
|---|---|---|
| Construction of Rambha Rural Municipality Administrative Building RRM/NCB/Works/081/082-07 | 1. Fuljor Nirman Com Pvt. Ltd.<br>2. Arjun Builders and Construction Pvt. Ltd.<br>3. KC/ GC/ GBPL JV.<br>4. Orbit-P. B.S.T. J/V<br>5. GLNS/RLEB JV | 6. BNS-SC-SAC J/V<br>7. Dhachha Nirman Sewa<br>8. Bibek & Kuber Builders Pvt.Ltd.,<br>9. East West Nirman Sewa Pvt. Ltd.<br>10. BAABPL/LCPL/DAMARU J/V |

**Financial Bid Opening Schedule**
**Venue: Rambha Rural Municipality, Office of Municipal Executive, Pipaldanda Palpa**
**Date: 2082/04/25 ( 10-Au,-2025)**
**Time: 13:00 Hours**

**Chief Administrative Officer**
**Rambha Rural Municipality**

